# सूचनाको हक अर्न्तगत सार्वजनिक गरिएको विवरण

२०७४ कार्तिक देखि २०७४ पुष सम्मको त्रैमासिक अद्यावधिक सूचना

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

सूचना सार्वजनिक गर्ने निकायको नामः **शहरी विकास तथा भवन निर्माण विभाग**

# शहरी विकास तथा भवन निर्माण विभाग

## पृष्ठभूमि

नेपाल सरकारको स्वामित्वमा रहेका सरकारी कार्यालय भवनहरुको नक्शा एवं लागत इष्टिमेट तयार गर्नुका साथै तिनको निर्माणको सुपरिवेक्षण समेत गर्ने गरी तत्कालीन निर्माण तथा यातायात मन्त्रालय अर्न्तगत भवन विभागको स्थापना भएको थियो । आर्थिक वर्ष २०२७/२८ देखि नेपाल अधिराज्यका अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्दै योजनावद्ध रुपमा शहरी  विकास गर्ने तर्फ नेपाल सरकारको ध्यान आकृष्ट भै त्यस क्षेत्रमा राज्यको स्रोत  र साधन समेत परिचालित गरियो । दिनानुदिन वढ्दो शहरीकरणलाई व्यवस्थित गर्ने सिलसिलामा वि.सं. २०२८ सालमा प्रथम पटक काठमाडौंको भौतिक विकास योजना तयार पारी उक्त योजना अनुरुप साविकको भवन विभागको नाम परिवर्तन गरी आवास, भवन तथा भौतिक परियोजना विभाग नामकरण गरी साविकमा गरिआएको कामका अतिरिक्त आवास तथा शहरी विकास सम्वन्धी कामहरु समेत तोकिएको थियो ।

क्षेत्रीय विकास केन्द्रको अवधारणा अनुरुप क्षेत्रीय केन्द्रको रुपमा रहेको धनकुटा, काठमाडौ, पोखरा र सुर्खेतको  विकासको लागि भौतिक योजना कार्यान्वयनको ऐन २०२९ को व्यवस्था समेत गरियो । यसको अतिरिक्त विराटनगर, सिदार्थनगर, नेपालगन्ज र महेन्द्रनगर जस्ता स्थानहरुमा नगरपालिकाहरु र शहरका रुपमा विकास तथा विस्तार हुन सक्ने अन्य सदरमुकामहरु र कोहलपुर जस्ता स्थानहरुमा व्यवस्थित रुपमा शहरी विकास गर्न आवश्यक भौतिक विकास योजना तयार पारि कार्यान्वियन गर्न नेपाल सरकारको स्रोत र साधन प्रयोग गरिने व्यवस्था गरियो । यी सम्पुर्ण कार्य गर्ने जिम्मवारी पनि आवास, भवन तथा भौतिक परियोजना विभागलाई दिइएको थियो ।

नेपाल सरकारको वि.सं. २०४४ मा सुरक्षित आवास तथा व्यवस्थित शहरीकरण कार्यक्रमको महत्वलाई मनन गरी यो कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था गरी मार्गदर्शन समेत दिनका लागि आवास तथा भौतिक मन्त्रालय नामको एउटा छुट्टै मन्त्रालयको गठन गर्‍यो । आवास तथा शहरी विकासको वढ्दो महत्वतालाई दृष्तिगत गरी नेपाल सरकारको २०४५ साल श्रावण २६ गतेको निर्णयले आवास तथा शहरी सम्वन्धी कार्य झिकी सो कार्य गर्न केन्द्रिय स्तरमा आवास तथा शहरी विकास विभाग र क्षेत्रीय स्तरका ५ वटा क्षेत्रीय निर्देशनालयको समेत गठन गरियो ।

क्षेत्रीय निर्देशनालयहरु र जिल्लास्थित कार्यालयहरु भवन विभाग र आवास तथा शहरी विभागको संयुक्त नियन्त्रण रहेको कारण कार्य सञ्चालन तथा सम्पादनमा समस्या परेको महशुस भै २०५० सालमा संस्थागत संरचनाको पुन संरचना गरी नेपाल सरकारले तत्काल कायम हुन आएको ४ क्षेत्रीय निर्देशनालय इकाई कार्यालय आवास तथा शहरी विकास अर्न्तगत र जिल्लास्थित कार्यालयहरु भवन विभाग अर्न्तगत रहने व्यवस्था गरी जिल्ला शहरी विकास योजना कार्यान्वयन गर्न र नगर विकास

समितिको सदस्य सचिवको रुपमा काम गर्ने जिल्लास्थित जिल्ला भवन कार्यालयका प्रमुखलाई तोक्न सकिने व्यवस्था समेत गरियो ।

जिल्ला जिल्लामा सरकारी भवन निर्माण सम्वन्धी कार्य नगण्य रुपमा हुने र भएका निर्माण सम्वन्धी काम पनि ती सरकारी निकायहरुले आ आपनो छुट्टै इन्जिनियरिङ्ग इकाई खडा गरी वा कन्सल्टेन्ट नियुक्त गरी गराउने परिपाटी सुरु गरेको कारण जिल्ला कार्यालयहरुको संलग्नतामा भवन डिजाइन, निर्माण तथा सुपरिवेक्षणमा भन्दा वढ्दो शहरीकरणवाट उत्पन्न समस्यालई निराकरण गरी व्यवस्थित शहरकिरणको माध्यमवाट त्यस क्षेत्रमा विकासका पुर्वाधार विकास गरी रोजगारीका नयाँ अवसर सृजना गर्ने, पर्यावरणीय सन्तुलन कायम गरी उचित तथा व्यवस्थित वसोवासको व्यवस्था गर्ने जस्ता कार्यमा संलग्न गराउन सकेमा जिल्लास्थित कार्यालयहरुको उपादेयता वढ्ने र व्यवस्थित शहरी विकास र आवास योजना कार्यान्वयनमा सहयोग पुग्न जाने भएकाले नेपाल सरकार (म.प.) को मिति २०५४ असार ५ गतेको निर्णयानुसार २०५४ साल श्रावण १ गते देखि लागु हुने गरी भवन विभाग अर्न्तगतको काठमाडौ र ललितपुर वाहेकका ७३ जिल्ला भवन कार्यालय यस विभाग अर्न्तगत आई ६९ वटा आवास तथा शहरी विकास कार्यालयमा परिणत भएका थिए ।

यसैक्रममा व्यवस्थित आवास तथा शहरी विकास एवं उपयुक्त भवन निर्माण सम्वन्धी कार्यको दोहोरोपन हटाई एउटै निकाय मार्फत अगाडि वढाउने उद्देश्यले समान उद्देश्य र कार्यक्षेत्र एवं जनशक्ति भएका साविकका भवन विभाग र आवास तथा शहरी विकासलाई नेपाल सरकार (म.प.) को मिति २०५७।३।२६ को निर्णयानुसार एकीकृत गरि यस शहरी विकास तथा भवन निर्माण विभागको स्थापना भएको हो । यस विभाग मातहतमा ५ क्षेत्रीय निर्देशनालयहरु, विशेष भवन निर्माण सम्भार डिभिजन र ६८ जिल्ला शहरी विकास तथा भवन निर्माण कार्यालयहरु रहेकोमा नेपाल सरकारको खर्चलाई  वाञ्छित सीमाभित्र ल्याई सार्वजनिक खर्च कटौति गर्ने एवं विद्यमान संगठनलाई प्रभावकारी वनाउने उद्देश्यले नेपाल सरकार (म.प.) को मिति २०५८।८।२१ को निर्णयानुसार विभागको पुनसंरचना गरी साविकका जिल्ला कार्यालयहरुको वदला १ भन्दा वढी जिल्ला कार्य क्षेत्र रहने गरी २५ वटा डिभिजन कार्यालय र १ भवन प्रविधि अनुसन्धान तथा तालिम केन्द्रको स्थापना भै तदनुरुप कार्य सञ्चालन हुदै आएकोमा हाल विभागलाई थपिएको वृहत जिम्म्मेवारका कारण भइरहेको जनसक्तिवाट ती थप कार्य पनि सम्पादन गनुपर्ने अवस्थालाई दृष्टिगत गरी नेपाल सरकारलाई आर्थिक भार नपर्ने गरी मौजुदा संगठन संरचनामा कार्य वोझ कम भएका स्थानवाट दरवन्दि विभागमा सारी विभागको दरवन्दिलाई हेरफेर गरी नेपाल सरकारको मिति २०६२।१२।१५ को निर्णयानुसार संगठनमा पून संरचना गरी कार्य सञ्चालन भइआएकोमा मिति २०७२ असोजमा मिति २०७२ बैशाख १२ र त्यस पछिका भूकम्पका कारण बढी क्षति भएका जिल्लाहरुमा थप १० वटा डिभिजन कार्यालयहरु थप गरी जम्मा ३५ वटा डिभिजन कार्यालयहरु तथा १ भवन प्रविधि तथा अनुसन्धान केन्द्र गरी जम्मा ३६ कार्यालयहरु व्यवस्था गरी थप व्यवस्थीत रुपमा सञ्चालन भइरहेको छ ।

## कार्यहरु

शहरी विकास तथा भवन निर्माण विभाग नेपालराज्य भरी व्यवस्थालाई प्रवर्धन गर्ने तथा आम जनताको आधारभूत आवश्यकताको रुपमा रहेको भवन निर्माणको उपयुक्त मापदण्ड तय गरी सुरक्षित, किफायती भवन निर्माणको विधामा निरन्तर कृयाशिल संगठन हो । उपरोक्त कार्यहरुलाई व्यवस्थित तुल्याउन यस विभागले नेपाल सरकारले निर्दिष्ट गरे अनुसार देहायका कार्यहरु सम्पादन गर्दै आएको छ ।

- सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुन निर्माणको लागि डिजाइन, लागत अनुमान र अन्य परामर्श सेवा उपलब्ध गराउने,
- सरकारी भवनहरुको डिजाइन तथा निर्माण कार्यहरुको गुणस्तर अभिवृद्धि गर्न सरकारी भवनहरुको डिजाइन तथा निर्माणमा संलग्न रहने परामर्शदातृहरुको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरी लागु गर्ने
- भवन निर्माण सम्वन्धी निर्देशिका तथा नर्म्स तयार गर्ने
- भवनहरुको स्यानिटरी योजना, Air Conditioning System, Thermal Insulation, Acoustic Design, Lift, Escalator System हरुको विस्तृत डिजाइन र लागत अनुमान तयार गर्नको लागि समन्वय गर्ने
- सवै सरकारी भवनहरुको अद्यावधिक लगत संकलन गरी सो को आधारमा सरकारी भवन मर्मत सम्वन्धी दीर्धकालीन नीति तयार गरी सो अनुरुप कार्य गर्ने
- भवन निर्माण सम्वन्धी अन्य मुलुकहरुको अनुभवलाई समेत दृष्टिगत गरी उपयुक्त प्रविधि छनौट गरी सरकारी तथा गैर सरकारी क्षेत्रमा प्रयोग गर्न प्रचार प्रसार गर्ने
- दर विश्लेषण तथा निर्माण निर्देशिका तयारी सम्वन्धी कार्य गर्ने
- शहरी वस्तीहरुको व्यवस्थित विकासको मार्गमा आइपर्ने समस्याहरु समाधान गर्न र वढ्दो वातावरणीय समस्याहरुको निराकरण गर्न आवश्यक कार्यनीति र विस्तृत योजना तर्जुमा गरी स्थानिय निकायहरुसंग समन्वय र साझेदारी कायम गर्दै क्रमशः लागु गर्दै जाने
- नगर विकास ऐन, नगर विकास योजना समवन्धी मापदण्ड अनुसारको योजना क्रमशः लागु गर्दै जाने
- भवन निर्माण संहिता अद्यावधिक गरी क्रमशः लागु गर्ने
- स्थानिय निकायहरुको विच ती निकायहरुलाई प्रभाव पार्ने विकास योवनाको तर्जुमा र कार्यान्वयनमा समन्वय र साझेदारी कायम गर्ने
- स्थानिय निकायहरुलाई आफ्नो योजना तथा कार्यक्रम संचालन गर्न सक्ने तुल्याउन ती निकायहरुको प्राविधिक क्षमता अभिवृदि गर्न सहयोग गर्ने
- शहरी विकास तथा भवन निर्माण सम्वन्धी अल्पकालीन तथा दिर्धकालीन योजनाहरु तर्जुमा गर्ने तथा क्रमशः लागु गर्दै जाने
- शहरी वातावरण संरक्षण सम्वनधी कार्यहरु गर्ने

- संयक्त आवास नीति अर्न्तगत निर्माण हुने संयक्त आवास भवन सम्वन्धी Structural Design को संस्लेषण गर्ने
- समय समयमा नेपाल सरकारवाट तोकिए वमोजिमको अन्य कार्यहरु गर्ने

## संस्थागत उद्देश्य

यस शहरी विकास तथा भवन निर्माण विभागको मुख्य रुपमा निम्न तीन उद्देश्य रहेका छन् ।

**शहरी विकासः** विद्यमान सांस्कृतिक, पर्यटकिय तथा ऐतिहासिक क्षेत्रहरुको संरक्षण तथा संर्वधन हुने गरी आधुनिक, भौतिक सुविधाहरुको व्यवस्था गरी दिगो रुपले शहरहरुको विकास तथा गाउँ र नगरवीचको अन्तः सम्वन्धलाई सुदृढ गर्ने ।

**आवासः** व्यवस्थित वसोवासको प्रवर्धन गर्दै सुरक्षित तथा किफायति खालका भवनहरु निर्माण तथा विकास गराउने ।

### प्रमुख कार्यहरु

यस विभागवाट मुख्यरुपमा निम्न कार्यहरु गरिन्छ ।

- सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुनः निर्माणको लागि डिजाइन, लागत इष्टिमेट र अन्य परामर्श सेवा उपलव्ध गराउने
- सरकारी भवनहरुको डिजाइन तथा निर्माणमा संलग्न रहने निर्माणमा संलग्न रहने परामर्शदातृहरुको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरी लागु गर्ने
- भवन निर्माण सम्वन्धी निर्देशिका तथा नक्शा तयार गर्ने
- भवन निर्माणका लागि साइट प्लान तयार गर्ने
- भवनहरुको स्यानिटरी योजना, वातानुकुलित प्रणाली (Air Conditioning), थर्मल इन्सुलेसन (Thermal Insulation), Acoustic Design, Lift र Escalator System हरुको विस्तृत डिजाइन र लागत इष्टिमेट तयार पार्नका लागि समन्वय गर्ने
- सवै सरकारी भवनहरुको लगत अद्यावधिक गरी सो को आधारमा सरकारी भवन मर्मत सम्वन्धी दीर्धकालीन नीति तयार गरी कार्य गर्ने
- भवन निर्माण सम्वन्धी अन्य मुलुकहरुमा अपनाइएका उपयुक्त प्रविधि छनौट गरी सरकारी तथा निजि क्षेत्रमा प्रयोग गर्न प्रचार प्रसार गर्ने
- दररेट विश्लेषण तथा निर्माण डकुमेन्ट तयारी सम्वन्धी कार्य गर्ने

- शहरी वस्तीहरुको व्यवस्थित विकास गर्दा आइपर्ने समस्याहरु समाधान गर्न र वढ्दो वातावरणीय समस्याको निराकरण गर्न आवश्यक कार्यनीति र विस्तृत योजना तर्जुमा गरी स्थानीय निकायहरुसंग समन्वय र साझदारी कायम गर्दै क्रमशः लागु गर्दै जाने
- स्थानिय निकायहरुलाई आपनो योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्ने तुल्याउन ती निकायहरुको प्राविधिक क्षमता अभिवृदि गर्न सहयोग गर्ने
- स्थानिय निकायहरुका वीच निकायहरुलाई प्रभाव पार्ने विकास योजनाको तर्जुमा र कार्यान्वयनमा समन्वय र साझेदारी कायम गर्ने
- शहरी विकास तथा भवन निर्माण सक्वन्धी अल्पकालीन तथा दिर्धकालीन योजनाहरु तर्जुमा गर्ने र तिनको क्रमशः कार्यान्वयन गर्ने
- शहरी वातावरण संरक्षण सम्वन्धी कार्य गर्ने ।

## कार्य विभाजन

## महानिर्देशक तथा उप महानिर्देशकको कार्य विवरण

### महानिर्देशकको कार्य विवरण

- शहरी विकास मन्त्रालय, अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय तथा राष्ट्रिय योजना आयोगसंग समन्वय कायम गर्ने
- विभाग र सो अर्न्तगत डिभिजन कार्याल तथा आयोजनाहरुलाइ अख्तियारी प्रदान गर्ने
- विभाग र अर्न्तगत कार्यरत कर्मचारीहरको नियुक्ति, सरुवा, काज, पदस्थापना सम्वन्धी कार्य प्रचलित ऐन नियम वमोजिम गर्ने
- विभिन्न उच्च स्तरीय वैठकहरुमा विभागको प्रतिनिधित्व गर्ने
- वजेट तथा कार्यक्रम तर्जुमा गरी मन्त्रालयमा पेश गर्ने र सोको स्विकृति पश्चात् कार्यान्वयन गराउने
- वेरुजु फछ्यौट समवन्धी कार्य गर्ने
- तालुक अड्डाहरुको नीति निर्देशन पालना गर्ने

### उप महानिर्देशकको कार्य विवरण

(आवास महाशाखा, शहरी विकास महाशाखा, भवन महाशाखा, खरिद व्यवस्थापन महाशाखा)

- सम्वन्धित महाशाखा प्रमुख भई कार्य गर्ने

- वर्षिक कार्यक्रम तर्जुमा सुपरिवेक्षण तथा अनुगमन गर्ने
- शाखाहरुलाई आ-आपना कार्यहरु सम्पादन गर्न आवश्यक निर्देशन दिने र शाखाहरु विच समन्वय कायम गर्ने
- विभिन्न समयमा गठन हुने कार्यदलहरुमा विभागको प्रतिनिधित्व गर्ने
- महानिर्देशकलाई आवश्यक सल्लाह र सहयोग उपलव्ध गराउने र उहाँको अनुपस्थितिमा विभागिय प्रमुखको जिम्मेवारी सम्हाल्ने ।

**शहरी विकास महाशाखा**

विभागको उद्देश्य हासिल गर्न यस महाशाखाले शहरी विकासको प्रकृयालाई क्षेत्रगत आधारमा अध्ययन गरी आवश्यक स्थलगत, आर्थिक तथा सामाजिक सुचकांङ्कहरु सहितका नक्शाहरु तयार पारी शहरी तथा ग्रामिण विकास अन्तरसम्वन्धलाई दरिलो वनाउदै शहरी वस्तीहरुको व्यवस्थित विकास गर्ने शहरी भु उपयोग योजना सम्वन्धी मापदण्डहरु वनाउने शहरी वातावरणको अध्ययन मुल्याङ्कन तथा अनुसन्धान गर्ने शहरीकरण तथा नगर विकास गर्ने क्रममा आवश्यक पूर्वाधारहरु जस्तै सडक ढल र विजुली आदिको विकास सुधार तथा विस्तार गर्न आवश्यक कदम चाल्ने र नगरपालिका नगर विकास समितिलाई भौतिक विकास योजना तयार पार्न सहयोग गर्नुका साथै तिनको डिजिटल आधार नक्शा तयार गर्ने कार्यका लागि समयमै प्रभावकारी रुपमा कार्य सम्पादन होस भन्ने उद्देश्यले यस महाशाखा अर्न्तगत ५ वटा छुट्टाछुट्टै शाखाहरु कार्यरत रहेका छन् ।

**भौतिक योजना तथा शहरी विकास शाखा**

यस भौतिक योजना तथा शहरी विकास शाखाको मुख्यतः भौतिक योजना तर्जुमा तथा विकास र नगर विकास सम्वन्धी कार्य सञ्चालन गर्दछ ।

यस शाखावाट गरिने भौतिक योजना तर्जुमा तथा विकास सम्वन्धी कार्य

- नेपाल अधिराज्यभर शहरीकरणको क्रममा शहरी वस्तीहरुको व्यवस्थित विकासको मार्गमा आइ पर्ने समस्याहरु समाधान गर्ने तर्फ अध्ययन गरी विश्लेषणवाट सिफारिस हुन आएका अल्पकालिन एवं दिर्धकालीन भौतिक विकास योजनाहरुको क्रमिक कार्यान्वयनका लागि आवश्यक कायनीति तर्जुमा गरी लागु गर्ने
- नेपाल राज्यभर शहरी विकासको प्रकृयालाई क्षेत्रगत आधारमा अध्ययन तथा विश्लेषण गरी शहरी विकास र ग्रामिण विकास अन्तरसम्वन्धलाई दरिलो वनाउन आवश्यक भौतिक योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने

- भौतिक विकास योजना तयार गर्ने सन्दर्भमा स्थलरुप (Topography) नक्शा आर्थिक, सामाजिक वा अन्य विविध सुचकहरु चित्रण गरिएका एवं भौतिक विकास योजना अर्न्तगत विभिन्न थिमेटिक नक्शाहरुको संकलन उतपादन सम्वर्धन एवं प्रचार सम्वन्धी कार्य गर्ने
- अल्पकालीन र दिर्धकालीन भौतिक विकास योजना तयारीका लागि सम्भावना र चुनौति तथा वैकल्पिक अवस्थाहरुको मूल्याङ्कन एवं योजनाका महत्वपूर्ण क्षेत्र र विकास कार्यक्रमहरुका वारेमा पूर्ण विश्लेषण गर्ने गराउने । यसरी अध्ययन विश्लेषण गर्दा वातावरण आवास सामुदायिक सेवाहरु आर्थिक क्षमता यातायात खानेपानि तथा ढल निकास विद्युतीकरण जस्ता सवै क्षेत्रलाई समेट्ने र समेट्न लगाउने ।
- भूमि प्रयोग वारे प्रस्ताव तयार गर्दा १:२५००, १:१०००० वा १:२५००० मापको स्थलगत नक्शालाई आधार मानी पूर्व विश्लेषणवाट निर्धारण हुन आएका भू-उपयोगहरु उक्त नक्शामा चित्रण गर्ने गराउने सो भू-उपयोगको नियमवद्ध विकासका लागि मापदण्डको तर्जुमा गर्ने गराउने
- स्थानिय भू-क्षेत्र विकास योजना (Local Area Development Plan) तयार गर्दा सम्पूर्ण क्षेत्रको भौतिक विकास योजनावाट निर्धारित मार्गदर्शनको आधारमा तोकिएको भू- उपयोग क्षेत्र कित्ता नापी नक्शामा स्पष्ट खुल्ने गरी चित्रण गर्ने र सो को नियमपद्ध विकासका लागि आवश्यकता अनुसारको जग्गा विकास एवं भवन निर्माण स्वीकृतिका लागि आवश्यक नियमहरु जस्तो घडेरीको नाप भवनको साँध उचाइ धनत्व सार्वजनिक सेवा सुविधाहरु आधारशिलाहरु तथा सार्वजनिक जग्गा र अन्य संरक्षण गर्नु पर्ने क्षेत्र आदिको रेखात्मक चित्रहरु सहितको विवरण तयार गर्ने गराउन लगाउने ।
- पूर्व विश्लेषण आधारमा भविष्यको भूमि प्रयोग (Land Use), क्षेत्रगत योजना (zoning) र स्थानीय भू-क्षेत्र विकास योजना र कार्यक्रम (Local Area Developmemnt Plan Programme) हरुको अल्पकालीन तथा दीर्धकालीन योजना तथा कार्यक्रमहरुको मार्गदर्शन तयार गर्ने गराउने ।

**यस शाखावाट गरिने नगर विकास सम्वन्धी कार्य**

- देशका शहरी क्षेत्र तथा नगरउन्मुख वजार क्षेत्रहरुको व्यवस्थित तथा नियन्त्रित विकासको लागि सम्भाव्यताका आधारमा आवश्यक भौतिक विकास योजना तर्जुमा गरी नगर विकास ऐन २०४५ अनुसार काठमाडौ उपत्यका नगर विकास समिति वाहेकका नगर विकास समितिहरुलाई आवश्यक प्राविधिक एवं व्यवस्थापकीय सहयोग प्रदान गर्ने ।
- नगर विकास समितिवाट वा अन्य स्वीकृत निकायहरुवाट भौतिक विकास योजनाको कार्यान्वयन नियमित रुपमा भएको वारे आवधिक अनुगमन गर्ने सो वारे केन्द्रीयतहमा आवश्यकतानुसार भौतिक विकास सम्वन्धी समसामयिक विचार राय परामर्श प्रचार प्रसार गर्ने गराउने ।

- नगर विकास ऐन नियमको तर्जुमा  तीनको आवधिक परिमार्जन र संशोधन सम्वन्धमा आवश्यक अध्ययन तथा विश्लेषण गरी नेपाल सरकारमा निर्णयार्थ सिफारिस तयार गरी पेश गर्ने गराउने ।

## शहरी वातावरण शाखा

यस शहरी वातावरण शाखावाट सम्पादन गरिने मुख्य कार्य यस प्रकार रहेका छन् ।

- शहरी वातावरणको अध्ययन अनुसन्धान तथा मूल्याङ्कन गर्ने
- शहरी एवं मानवजन्य वातावरण क्षतिको मानवोचित न्यून राख्न आवश्यक आधारको अनुसन्धान तथा विश्लेषण गरि आवश्यक आयोजनाहरुको पहिचान गर्ने र कार्यान्वयनका लागि आवश्यक लगानी गर्ने गराउने
- शहरी क्षेत्रको वास्तुकला ऐतिहासिक सांस्कृतिक एंव धार्मिक क्षेत्रहरुको आवश्यक संरक्षण सम्वर्धन तथा शहरी क्षेत्रको सौन्दर्य अभिवृद्धि गर्न गराउन आवश्यक क्षेत्रहरुको पहिचान गरी आयोजना तयार गरी कार्यान्वयन गर्ने गराउने ।
- शहरी क्षेत्रमा पर्ती जग्गाहरुको संरक्षण सम्वर्धन गरी शिशु उद्यान र बाल, बृद्ध तथा युवकहरुका लागि खुल्ला स्थानको जर्गेना गरि शहरी क्षेत्रलाई हराभरा राख्नका लागि आवश्यक आयोजनाहरुको पहिचान गरि कार्यान्वयनका लागी स्थानीय इकाईहरुलाईसमेत परिचालन थरी आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउने ।
- शहरी एवं मानवजन्य वातावरणको मानवोचित हद एवं मापदण्ड प्रति सर्वसाधारणको जानकारीका लागि गोष्ठी सम्मेलन प्रचार प्रसारको काम गर्नुका साथै शहरी वातावरण संरक्षणका लागि नियमहरु वनाई कार्यान्वयनका लागि सम्वन्धीत इकाईहरुलाई सहयोग पुर्‍याउने ।
- नगरपालिका क्षेत्रभित्र बढिरहेको अव्यवस्थित शहरी विकासलाई व्यवस्थित पारी उपयुक्त भू-उपयोगको आधारमा शहरी क्षेत्रको विकास गर्न आवधिक कार्ययोजना तर्जुमा गर्ने त्यसका लागि प्राविधिक जनशक्ति आवश्यक भएमा उपलब्ध गराउने ।
- आवधिक कार्ययोजनाको पहिचान गरेका सार्वजनिक योजना साझेदारीका वहुक्षेत्रगत लगानीका आधारमा कार्यान्वयन गर्ने र त्यसको अनुगमन गर्ने ।

## साना शहर शाखा

यस साना शहर शाखावाट सम्पादन गरिने मुख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- शहरीकरण तथा नगर विकास गर्ने क्रममा आवश्यक पूर्वाधारहरु सडक, ढल, विजुली, खानेपानीको उपलव्धता सुधार तथा विस्तार गर्न आवश्यक कदम चाल्ने

- सानाशहर भौतिक पूर्वाधार विकास गर्ने कार्यमा आवश्यक अध्ययन योजना तर्जुमा तथा कार्यान्वयनका लागी आवश्यक कदम चाल्ने
- साना शहरको पहिचान गर्न जिल्लास्थित साना वजारहरुको अध्ययन गरी प्राथमिकता तोकी आवश्यक विकास कार्यको तर्जुमा तथा कार्यान्वयन गर्ने
- शहरमा आवश्यक विविध सेवाहरु जस्तै हाटवजार रिक्रियसन एरिया सोलिड वेस्ट म्मानेजमेन्ट सडक वत्ती सभा सम्मेलन गृह आदिको विकास गर्न आवश्यक कदम चाल्ने
- देशका विभिन्न भागमा धनावस्ती सम्भाव्यता अध्ययन गर्ने र प्रस्तावित योजना तथा कार्यक्रम कार्यान्यवयनको भुमिका निर्वाह गर्ने
- हिमाल पहाड तराईमा नमूना गाउँको अध्ययन गर्ने र प्रस्ताबित योजना तथा कार्यक्रम कार्यान्वयनमा समन्वयकार्ताको भूमिका निर्वाह गर्ने
- साना शहर वजार केन्द्र नगर उन्मख गा.वि.स.हरुको भौतिक विकास योजना तर्जुमा गर्ने । योजना तथा कार्यक्रम कार्यान्वयनमा समन्वयकर्ताको भुमिका निर्वाह गर्ने
- साना शहर / वजार केन्द्रहरुको विस्तृत योजना प्रतिवेदन तयार गर्ने तथा पूर्वाधार निर्माणको लागि सम्भाव्यता अध्ययन गर्ने

**नगरपालिका शाखा**

नगरपालिका शाखा वाट सम्पादन गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- स्थानीय नगरपालिकाको भाग अनुरुप साझदारी अपधारणा अवलम्वन गर्ने विभागीय कार्यक्रमले निर्दिष्ट गरे अनुरुप सीप वित्तिय स्रोत र साधनमा स्थानीय जनसमुदायहरुको प्रत्यक्ष संलग्नतमा नगरपालिकहरुको प्राविधिक क्षमता अभिवृद्धि गर्दै त्यहाँको वडा तहका तत्कालीन समस्या समाधान तथा नगरको विकास लागी आवधिक योजना तर्जुमा गर्ने
- नगरपालिकाहरुवाट सञ्चालित नगर विकास सम्वन्धी कार्यक्रमहरुको आवश्यकता अनुरुप अनुगमन मूल्याङ्कन तथा पुनरावलोकन कार्यमा सरिक हुने
- नगरपालिकाहरुको योजना तर्जुमा कार्यको लागि तथा योजनाको उपादेयता बारे सुचना प्रवाह गर्ने
- शहरी विकास आयोजना समन्वय कार्यालय अर्न्तगत डिभिजन कार्यालयहरुवाट संचालित शहरी विकास सम्वन्धी कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने

**तथ्याङ्क तथा भू–सुचना शाखा**

यस तथ्याङ्क तथा भू-सुचना शाखावाट सम्पादन गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- भइरहेका नगरपालिकाहरु जिल्ला सदरमुकाम र वजार क्षेत्रको लगत तयार गर्ने

- क्षेत्रीय स्तर नगरपालिका नगर विकास समिति शहर / वजार आदिको भौतिक विकास योजना तयार गर्न सहयोग गर्ने
- नयाँ गठित नगरपालिकाहरुको अर्वन म्याप तयार गर्न सहयोग गर्ने
- शहरी क्षेत्रमा भए गरेका अध्ययनहरुको यथास्थिति तथा म्यापिङ्ग इण्डेक्स तयार गरी अद्यावधिक गर्ने
- भू-सुचना प्रणालीको क्रमवद्ध रुपमा विकास गर्दै उक्त प्रविधिको प्रयोग निर्णय प्रकृयामा समावेश गर्दै जाने र त्यसका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न सम्वन्धीत निकायसँग सम्वन्ध राखी आवश्यक तालिमको व्यवस्था मिलाउने
- विभागलाई आवश्यक तथ्याङ्कहरु संकलन गर्ने तथा विश्लेषण गर्ने
- विभागीय निर्देशअनुसार विक्री वितरणका लागि छुट्टाइएका नक्शा तथा रिपोर्टहरु विक्री वितरण गर्ने

**भवन महाशाखा**

विभागको उद्देश्य हासिल गर्नका लागि यस महाशाखाले विभाग अर्न्तगतका भवन निर्माण सम्वन्धी डिजाइन इष्टिमेट तयार गर्ने गराउने र जिम्मेवारी पाए अनुसारका अन्य सरकारी भवनहरुको समेत डिजाइन इष्टिमेट तयार गर्ने गराउने कार्य गर्दछ । यसका साथै नियमित रुपमा सरकारी भवनहरुको लगत राखी मर्मत सुधार गर्ने कार्य र नेपाल सरकारवाट स्वीकृत भएका भवन निर्माण संहिता सम्वन्धीत निकायमा लागु गराई भवन निर्माण गर्ने तथा भवन निर्माण गर्दा अपनाउनु पर्ने प्रकृयाहरु जस्तै ठेक्का व्यवस्थापन र खरिद व्यवस्थापन को लागि आवश्यक निर्देशिका तथा मार्गदर्शन तयार गरि लागु गराउने कार्य यस महाशाखावाट गरिन्छ यसको अलावा विल्डिङ्ग युटिलिटि सम्वन्धी कामका साथै आवास तथा शहरी विकास कार्यक्रम सञ्चालनमा अपनाइनु पर्ने मापदण्ड वनाई लागु गर्ने गराउने कार्य गरिन्छ । महाशाखावाट गरिने काम समयभित्रै प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि यस महाशाखा अर्न्तगत ५ वटा छुट्टछुट्टै शाखाहरु कार्यरत रहेका  छन् ।

**भवन निर्माण शाखा**

यस भवन निर्माण शाखावाट सम्पादन गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- राष्ट्रिय स्तरका र अन्य केन्द्रीय स्तरका सरकारी कार्यालयहरुको प्रस्तावित भवन निर्माण गर्न सम्भाव्य निर्माणस्थल छनौटका लागि सम्भाव्यता अध्ययन गर्ने, निर्माण स्थलको विस्तृत सर्वेक्षण गरी निर्माण स्थल नक्शा तयार गर्ने
- प्रस्तावित निर्माण कार्य सम्वन्धी गुरुयोजना तयार पार्नुका  साथै निर्माण स्थलको माटो परिक्षण तथा जिओ टेक्निकल इन्भेष्टिगेसन गर्नका लागि आवश्यक व्यवस्था मिलाउने

- प्रारम्भिक नक्शा आर्किटेक्चरल व्रिफ तयार गरी सम्वन्धीत निकायवाट स्वीकृति लिने र आर्किटेक्चरल र स्ट्रक्चरल डिटेल नक्शाहरु तयार पार्ने
- आवश्यकता अनुसार विभाग अर्न्तगत सञ्चालित भवन निर्माण कार्यहरुको नियमित निरीक्षण तथा अनुगमन गर्ने
- नेपाल अधिराज्यभर निर्माण हुने सरकारी भवनहरुको डिजाइन तथा निर्माण कार्यहरुको निरीक्षण तथा अनुगमन गर्न निर्माण कार्य सम्वन्धी स्पेसिफिकेसनमा एकरुपता ल्याउने र निरन्तर सुधारको प्रकृया कायम राख्ने
- गणतन्त्र स्तम्भ / स्मारक निर्माण कार्य लागायत राष्ट्रिय स्तरका निर्माण डिजाइन तथा निर्माण कार्यको सुपरभिजन गर्ने

**भवन संहिता शाखा**

यस भवन संहिता शाखावाट सम्पादन गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- भवन निर्माण संहिता नियम तर्जुमा गर्ने र यसलाई समयानुकूल अध्यावधिक गर्दै कार्यान्वयनमा प्रभावकारिता ल्याउन गाँउदेखि केन्द्रसम्म प्रचार प्रसार गर्ने र सरकारी स्तरमा क्रमिक रुपमा लागु गर्ने
- भवन निर्माण सम्वन्धी प्रविधि विकास गर्न यस क्षेत्रसंग संलग्न उद्योगहरुसंग समन्वय कायम गरी नयाँ प्रविधि विकास गरी भवन निर्माण सामग्री तयार गराउन सकृय भूमिका खेल्ने
- विभिन्न मुलुकहरु खासगरी दक्षिण एसियाली मुलुकहरुमा प्रविधि विकास सम्वन्धमा भए गरेका अध्ययन अनुसन्धान सम्वन्धी जानकारी हासिल गर्ने र देशका लागि उपयुक्त हुने खालका प्रविधि छनौट गरि सरकारी तथा गैर सरकारी क्षेत्रमा प्रचार प्रसार गर्ने
- विभाग अर्न्तगत कार्यरत सम्पूर्ण जनशक्तिलाई समयानुकूल वढी दक्ष तथा कुशल वनाउने उद्देश्य अनूरुप आवश्यकता अनुसार तालिम भ्रमण तथा उच्च शिक्षा अध्ययन व्यवस्था गर्नुका साथै सीप एवं अनुभवको आदान प्रदान गर्न पाउने व्यवस्था मिलाउने
- भवन निर्माण सामग्री प्रयोगशालावाट अधिराज्यको विभिन्न क्षेत्रमा पाइने निर्माण सामग्रीहरुको गुणस्तरको परिक्षण गर्दै जाने, प्राप्त नतिजाका आधारमा उपयुक्त निर्माण सामग्री छनौट गरी प्रयोग विधि तयार गरी प्रचार प्रसार गर्ने
- नेपाल सरकारवाट स्वीकृत भएको भवन निर्माण संहिता सम्वन्धीत निकायवाट लागु भए नभएको सम्वन्धमा अनुगमन गर्ने र गराउन निरन्तर प्रयत्नशिल रहने

**भवन सर्भिसेज शाखा**

यस भवन सर्भिसेज शाखावाट सम्पादन गरिने मुख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- नियमित रुपमा सरकारी भवनहरुको लगत राखी मर्मत सुधार गर्ने गराउने
- अधिराज्यका विभिन्न भौगोलिक क्षेत्रमा विद्यमान परम्परागत स्थानीय भवन निर्माण प्रविधिको विश्लेषणवाट देखा परेका विशेषताहरु एवं त्रुटिहरु औंल्याई भवन वढी टिकाउ वातावरणलाई असर नपार्ने मितव्ययी तथा सुविधायुक्त वनाउन सुधारात्मक उपायहरु तयार गरी प्रचार प्रसार गर्ने सो सम्वन्धी तालिम सञ्चालन गर्ने
- विल्डिङ्ग युटिलिटि सम्वन्धी काम गर्ने गराउने

**भवन मर्मत तथा मूल्याङ्कन शाखा**

यस भवन मर्मत तथा मूल्याङ्कन शाखावाट सम्पादन गरिने मुख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- नियमित रुपमा सरकारी भवनहरुको लगत राखी मर्मत तथा संम्भार गर्ने गराउने
- नेपाल सरकारका विभिन्न निकायहरुवाट मूल्याङ्कनका लागि माग भै आएमा मूल्याङ्कन कार्य गर्ने
- भवन मर्मत कार्यको लागि साल बसाली बजेट प्रस्ताब तयार गर्ने र विनियोजित बजेट वितरणको व्यवस्था मिलाउनुका साथै विभाग अर्न्तगतका डिभिजन कार्यालयहरुलाई भवन मर्मत कार्यको प्राथमिकताको आधारमा तयार गरिदिने र प्राथमिकता सूची तयार गर्ने निर्देशन दिने
- भवन मर्मत कार्यका लागि उपयुक्त प्रविधि विकास गर्नुका साथै सम्वन्धीत ईन्जिनियर सव ईन्जिनियरहरुलाई उपयुक्त प्रविधि र निर्माण सामग्रीहरु बारे नियमित रुपले तालिम दिने व्यवस्था गर्ने

**भवन मापदण्ड शाखा**

यस भवन मापदण्ड शाखावाट सम्पन्न गरिने कार्यहरु यस प्रकार रहेका छन् ।

- राष्ट्रिय योजना आयोगवाट स्वीकृत भवन योजना सम्वन्धी कार्यक्रमलाई कार्यान्वयन गर्ने
- आवास तथा शहरी विकास कार्यक्रम सञ्चालनमा अपनाउनुपर्ने मापदण्ड वनाई लागु गर्ने

- शहरी पूर्वाधारहर समेत विभिन्न शहरी विकास सम्वन्धी एलिमेन्टहरुको न्यूनतम मापदण्डको विकास गरी लागु गर्नूका साथ शहरी भू-उपयोग योजना सम्वन्धी मापदण्ड वनाउने
- शहरी क्षेत्र, नगरपालिका र गाउँ विकास समिमिमा  समेत जग्गा विकास गर्न घर निर्माणका लागि बनाइने नक्शाका लागि आवश्यक पर्ने मापदण्ड जस्तै न्यूनतम क्षेत्रफल, भूँइ क्षेत्रको अनुपात, पहुँच मार्ग आदिका विकास गरी लागु गर्ने
- विशेष योजना क्षेत्र तथा निकटवर्ती क्षेत्रका लागि आवश्यकता अनुसार मापदण्ड बनाउने
- भवन निर्माण मापदण्ड, भवन संहिता तयार पार्ने

**आवाश महाशाखा**

यस आवाश महाशाखाबाट सम्पन्न गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

विभागको उद्देश्य हासिल गर्न यस महाशाखाले राष्ट्रिय योजना आयोगबाट स्वीकृत बैदेशिक सहयोग सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्ने ती कार्यक्रम सञ्चालनका लागि सम्वन्धित नियोग र योजना बीच समन्वय गर्ने तथा तिनको प्रगति अनुगमन तथा मूल्याङ्कन गर्नुका साथै सम्वन्धीत आयोजना तथा महाशाखाबाट राय माग भइआएमा राय उपलब्ध गराउने । कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या समाधान गर्न विभाग र अर्न्तगतका निकाय बीच छलफल तथा अन्तरक्रियाको कार्यक्रम सञ्चालन गर्ने तथा विभागको योजना तर्जुमा गर्ने कार्य यस महाशाखाबाट गरिन्छ । यी कार्यहरु प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि यस महाशाखा अर्न्तगत ४ छुट्टछुट्टै शाखाहरु कार्यरत रहेका छन् ।

**आवास शाखा**

यस  आवास शाखाबाट सम्पन्न गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- विभिन्न जिल्लामा पिछडिएका विपन्न तथा सिमान्तकृत परिवारहरुको लागि न्पून लागतमा स्थानिय प्रविधि र श्रम प्रयोग गरी आधुनिक आवास निर्माण गरी बसोबासको व्यवस्था गर्ने
- नेपाल सरकारको आवास सम्वन्धी नीति अनुसार आवास योजना तर्जुमा गर्ने
- आवास योजना सम्वन्धी कार्यक्रम तयार गरी राष्ट्रिय योजना आयोगमा पेश गर्ने र स्वीकृत आवास योजनालाई विभागको योजना शाखासंग समन्वय गरी कार्यान्वयन गर्ने
- शहरी आवासको विकास गर्दा आईपर्ने समस्याहरु समाधान गर्न र बढ्दो वातावरणीय समस्या समाधान गर्न आवश्यक समन्वय गरी नीति र नियमहरु कार्यान्वयन गराउने

- जग्गा विकास कार्यक्रमलाई सुनियोजित ढंगबाट कार्यान्वयन गर्न गराउन आबश्यक प्रचार प्रसार गोष्ठी तालिम संचालन गर्नुका साथै घडेरी विभाजन नीतिको प्रारुप तयार गरी लागु गर्ने

**योजना शाखा**

यस योजना शाखाले सम्पन्न गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- विभागका लागि अल्पकालीन तथा दिर्धकालीन योजनाहरुको तर्जुमा गर्ने
- विभाग र विभाग अर्न्तगतका निकायबाट सञ्चालन गरिने वार्षिक कार्यक्रमहरुको तर्जुमा गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने र स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि सम्वद्ध निकायहरुमा पठाउने
- विभाग र विभाग अर्न्तगतका निकायबाट सञ्चालित आयोजनाहरुको मासिक ,चौमासिक, अर्धवार्षिक तथा वार्षिक प्रगति विवरणहरु माग गरी तिनको अनुगमन र मूल्याङ्गन गरी नियमित रुपमा प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउने
- संचालित आयोजनाहरुमा समस्या आइपरेमा तिनको विभागिय तथा मन्त्रालय स्तरमा समाधानको लागि पहल गर्ने

**अनुगमन शाखा**

यस अनुगमन शाखाबाट सम्पन्न गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- विभाग र अर्न्तगतका आयोजनाहरु तथा डिभिजन कार्यालयहरुबाट संचालित कार्यक्रमहरुको नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्ने
- अनुगमन निरीक्षण पश्चात प्रगति विवरण तयार गरी महाशाखा प्रमुख तथा विभागीय प्रमुख समक्ष पेश गर्ने
- कार्यक्रम अनुगमन निरीक्षणका लागि शाखाको कर्मचारी खटाउन सिफारिस गराउने
- अनुगमन निरीक्षणका क्रममा कार्यक्रम सञ्चालनमा समस्या देखिएमा तिनको निराकरण गर्ने वा निराकरणका लागि सम्वन्धीत महाशाखा प्रमुख वा विभागीय प्रमुख समक्ष पेश गर्ने गराउने

**बैदेशिक सहयोग समन्वय शाखा**

यस बैदेशिक सहयोग समन्वय शाखा सम्पन्न गरिने मूख्य कार्यहरु यस प्रकार रहेका छन् ।

- बैदेशिक सहयोग सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्ने गराउने
- बैदेशिक सहयोग आवश्यक पर्ने आयोजनाहरुको लागि आवश्यक पर्ने श्रोत साधन जुटाउने उपयुक्त निकायलाई अनुरोध गर्ने
- बैदेशिक सहयोगमा उपलव्ध परामर्शदाताहरु स्वयमसेवकहरुको भिसा तथा अन्य आवश्यक कुराको लागि मन्त्रालयमा पेश गर्ने

आ.व. २०६६-६७ मा भारतीय सहयोगका निर्माणाधिन एकिकृत जाँच चौकीहरुको कार्यान्वयन तथा समस्या समाधानमा क्रियासिल रहेको । भारतीय सहयोगमा निर्माणाधिन साँस्कृतिक सम्पदा संरक्षण जस्ता २० कार्यक्रमहरु सञ्चालन समन्वय गरेको ।

**विभागबाट प्रदान गरिने सेवा**

**भवन तर्फ**

यस विभागबाट मूख्यरुपमा निम्न कार्यहरु गरिन्छ ।

- सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुनः निर्माणको लागि डिजाइन, लागत इष्टिमेट, जनता आवास कार्यक्रम र अन्य परामर्श सेवा उपलव्ध गराउने
- सरकारी भवनहरुको डिजाइन तथा निर्माणमा संलग्न रहने परामर्शदाताहरुको गुणस्तर कायम गराउन आवश्यक मापदण्ड तथा निर्देशिका तयार गरी लागु गर्ने
- भवन निर्माण सम्वन्धी निर्देशिका तथा नक्शा तयार गर्ने
- भवन निर्माणका लागि साइट प्लान तयार गर्ने
- भवनहरुको स्यानिटरी योजना वातानुकुलित प्रणाली, थर्मल इन्सुलेसन, अकोष्टिक डिजाइन, लिपट तथा इस्कालेटर सिष्टमहरुको भवनहरुको विस्तृत डिजाइन र लागत इष्टिमेट तयार पार्नका लागि समन्वय गर्ने
- सबै सरकारी भवनहरुको लगत अद्यावधिक गरिएको आधारमा सरकारी भवन मर्मत सम्वन्धी दिर्घकालीन नीति तयार गरी कार्य गर्ने
- भवन निर्माण सम्वन्धी अनय मूलुकहरुमा अपनाइएको उपयुक्त प्रविधि छनौट गरी उक्त प्रविधि सरकारी तथा निजि क्षेत्रमा प्रयोग गर्न प्रचार प्रसार गर्ने

- दररेट विश्लेषण तथा निर्माण डकुमेन्ट तयारी समवन्धी कार्य गर्ने
- शहरी वस्तीहरुको व्यवस्थित विकास गर्दा आइपर्ने समस्याहरु समाधान गर्न र बढ्दो वातावरणीय  निराकरण गर्न आवश्यक कार्यनीति र विस्तृत योजना तर्जुमा गरी स्थानीय निकायहरु वीच समन्वय र साझेदारी कायम गर्दै क्रमश लागु गर्दै जाने

**शहरी विकास तर्फ**

